सडक सबैको साझा सम्पति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily

धुमपान र मद्यपान नगरौं स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १२ | अंक ९१ | २९ असोज २०८३ बिहीबार | 15 October 2026 Thursday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## १४ लाखको चामल र चिनी बरामद

# प्रहरीको रुखो ब्यवहारका कारण ब्यापारीले गरे आत्मदाह प्रयास

कपिलवस्तु २८ असोज

कपिलवस्तुका विभिन्न स्थानबाट प्रहरीले भन्सार छली गरी भारतबाट अवैध रूपमा ल्याइएका १४ लाख १२ हजार रुपैयाँ बराबरका चामल, चिनी र दाल बरामद गरेको छ ।लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ तथा सम्बन्धित प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानमा चेकजाँच तथा निगरानी गर्ने क्रममा उक्त सामान बरामद गरेको हो ।

प्रहरीका अनुसार कृष्णनगर नगरपालिका-२ स्थित बैंक रोडबाट ११ लाख ६० हजार रुपैयाँ बराबरको ३२ क्विन्टल चामल बरामद गरिएको छ । चामल ओसारपसारमा प्रयोग गरिएको लु २ च ४९४९ नम्बरको पिकअप गाडीसहित उक्त सामान नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।त्यस्तै, शिवराज नगरपालिका-५ चन्द्रौटास्थित नदिना राइस मिलको गोदामबाट दुई लाख ५२ हजार रुपैयाँ बराबरको २४ क्विन्टल चिनी र पाँच बोरा दाल बरामद गरिएको छ।



दुवै स्थानबाट बरामद गरिएका सामानको कुल मूल्य १४ लाख १२ हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ । बरामद गरिएका सामान तथा पिकअप गाडीसहित अल्ताफ हुसेन मनियारलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि सम्बन्धित प्रहरी कार्यालयमा बुझाइएको लुम्बिनी प्रदेश प्रहरीले जनाएको छ ।यता कपिलवस्तुको कृष्णनगर नगरपालिका-२ बैंकरोडमा अनुगमनको क्रममा एक व्यवसायीले आफूलाई अन्याय भएको भन्दै आत्मदाहको प्रयास गरेका छन् । लुम्बिनी प्रदेश प्रहरीको विशेष टोलीले ती व्यवसायीको चामल बोकेको पिकअपमा आवश्यक कागजपत्र नभेटेको र आवश्यक कारबाहीका लागि भन्सार बुझाएपछि गल्ला पसल सञ्चालक महेश अग्रहरीले मट्टितेल छर्केर आगो लगाउने प्रयास गरेको स्थानीयले बताएका छन् ।

शरीरभरी मट्टितेल छर्केर आगो लगाउन थालेको बेला प्रहरीले तत्काल जोगाएपछि बेहोस भएका अग्रहरीलाई उपचारका लागि तौलिहवा अस्पताल हुँदै रुपन्देहीको भैरहवास्थित मेडिकल कलेज लगिएको छ।अग्रहरीले आफूले ल्याएको ६० बोरा चामलको बिल बिजक हुँदाहुँदै चामल नियन्त्रणमा लिइएको दाबी गरेका छन् ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार उनले प्रहरीको रुखो ब्यवहारका कारण आफूले सहन नसकेर आत्मदाह गर्न चाहेको वताएका थिए। लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी शारदाप्रसाद चौधरीले प्रहरीको चेकजाँचमा परेका व्यवसायीले मट्टितेल छर्केर शरीरमा आगो लगाउन खोजेको तर प्रहरी र स्थानीयले जोगाएर उपचारका लागि पठाएको बताए।

## ४ वर्षमा बाघ दोब्बर : ५१ पुगेपछि स्थानीयमा बढ्यो त्रास

नेपालगन्ज २८ असोज

४ बर्षमा बाघ दोब्बर संख्याले बढेर ५१ पुगेपछि स्थानीयमा त्रास बढेकोछ । बाँके राष्ट्रिय निकुञ्जमा बाघको संख्या दोब्बरभन्दा बढी वृद्धि भई ५१ पुगेको छ। राष्ट्रिय बाघ सर्वेक्षण-२०२६ अनुसार सन् २०२२ मा २५ रहेको बाघको संख्या अहिले ५१ पुगेको हो।



सन् २०१३ मा निकुञ्जमा चारवटा बाघ रहेकामा सन् २०१८ मा २१ पुगेको थियो ।

बाघको संख्या बढ्नु वन्यजन्तु संरक्षणका दृष्टिले सकारात्मक मानिए पनि निकुञ्ज आसपासका बासिन्दामा त्रास बढेको छ। बाघलगायत वन्यजन्तु गाउँबस्तीमा प्रवेश गरी मानिसमाथि आक्रमण गर्ने र घरपालुवा जनावर मार्ने घटनाले स्थानीय चिन्तित बनेका छन् ।

चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लाइसेन्स परिक्षामा १३ को नतिजा फेरबदल गर्ने कारवाहीमा




बुटवल २८ असोज

यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा लाइसेन्स परिक्षामा किर्ते गरि १३ को नतिजा फेरबदल गरेको भेटिएपछि अख्तियारले फेरबदल गर्ने गराउने दुबै पक्षलाई कारवाही अघि बढाएकोछ ।

यातायात ब्यवस्था कार्यलय रुपन्देहीले परीक्षाको नतिजा नै फेरबदल गरी गैरकानुनी रूपमा सवारी लाइसेन्स वितरण गरिएको खुलासा भएको छ ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको विस्तृत अनुसन्धानमा लिखित परीक्षा तथा ट्रायलको नतिजामा चरम किर्ते र फर्जी अभिलेख खडा गरी लाइसेन्स जारी गरिएको पुष्टि भएको हो।आयोगका अनुसार २०७८ साल असार ११ गते सञ्चालन गरिएको लिखित परीक्षा र असार १४ गते लिइएको ट्रायल परीक्षाको नतिजामा अनधिकृत रूपमा केरमेट, थपघट र सच्याएर झुट्टा विवरण तयार पारिएको थियो ।

आयोगले लुम्बिनीको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात व्यवस्था मन्त्रालयलाई लाइसेन्स नम्बर र वर्गसहितको विवरण संलग्न गरी ती कर्मचारी र लाइसेन्स लिने दुबैलाई कारबाहीको लागि ताकेता गरेको हो ।

गैरकानुनी रूपमा लाइसेन्स पाउनेहरूमा इन्द्र जिसी, सञ्जु खाँड, दीपेन्द्र कुँवर, खिमबहादुर ढेंगा, डिलबहादुर आचार्य, यदु खड्का, विकास घिमिरे, सूर्यबहादुर थापा, रुद्रबहादुर गाहा मगर, शम्भु केसी, लेखबहादुर रेश्मी, ओमप्रकाश चौधरी र आसिफ खवास छन् ।अख्तियारले यसरी जारी गरिएका फर्जी लाइसेन्सहरू तत्काल रद्द गर्न र संलग्न कर्मचारी तथा व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको छ।

## दर्शन सहकारीको १९औँ सभाबाट १९ करोडको बजेट पारित




कपिलवस्तु २८ असोज

बाणगंगा नगरपालिका-४, सिद्धिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९औँ वार्षिक साधारण सभा सम्पन्न भएको छ।

सभाले आगामी आर्थिक वर्षका लागि १८ करोड ८३ लाख २५ हजार ६ सय ३ रुपैयाँ बराबरको अनुमानित लक्ष्य प्रस्तुत गरेको छ।कार्यक्रममा लुम्बिनी प्रदेश सहकारी संघका लेखा समिति संयोजक तेजप्रसाद आचार्यले सहकारीले शेयर सदस्यलाई ८ प्रतिशत लाभांश प्रदान गरेकोमा प्रशंसा गर्नुभयो।

उहाँले दर्शन सहकारी यस क्षेत्रकै उत्कृष्ट सहकारी रहेको दाबी गर्दै सदस्यहरूलाई ढुक्क भएर बचत गर्न आग्रह गर्नुभयो

सभामा खानेपानी संस्थाका जिल्ला अध्यक्ष तथा केन्द्रीय प्रतिनिधि राजेन्द्र विक्रम शाह, सल्लाहकार झलक मल्ल ठकुरी र निवर्तमान अध्यक्ष कृष्णबहादुर शाही लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।संस्थाकी अध्यक्ष कमला सेन (सुष्मा खाँण)ले सहकारीका आगामी कार्ययोजना, चुनौती र जिम्मेवारीप्रति संस्था सचेत रहेको बताउनुभयो।

उहाँले सहकारीको संस्थागत विकाससँगै शेयर सदस्यको हितलाई प्राथमिकतामा राखेर अघि बढ्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा सचिव देवेन्द्र विक्रम मल्लले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष मीना कुमारी सेनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उपाध्यक्ष निर्मल शाहीले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमले संस्थाको वार्षिक गतिविधि तथा आर्थिक अवस्थाबारे जानकारी गराएको थियो।

साधारण सभाको अवसरमा २२ जना ज्येष्ठ शेयर सदस्य, पाँच जना असल ऋणी र पाँच जना असल बचतकर्तालाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो। सदस्यहरूको योगदानको कदर गर्दै उनीहरूलाई सम्मान गरिएको संस्थाले जनाएको छ।

## सम्पादकीय

# मुख्यमन्त्रीले मान बँचाउन्

सातै प्रदेशका मुख्यमन्त्रीहरु विराटनगरमा जम्मा भएर सामुहिक रुपमा नीतिगत, संरचनागत र प्रशासनिक एवं व्यवहारिक समस्या समाधानका उपाय खोज्ने प्रयास सफल भएको मान्ने हो कि विफल भएको भन्ने हो ? बुझ्न गाह्रो परेछ कतिपयलाई । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री आन्तरिक समस्याका कारण पुगेनछन् । ६ प्रदेशका सरकार प्रमुख जम्मा भएर संघीय सरकारका विरुद्ध समवेत स्वरमा असन्तुष्टि पोखेछन् । जसका विरुद्ध असन्तुष्टि पोखेका हुन्, सुन्नुपर्ने आधिकारिक प्रतिनिधिचाहिँ कोही रहेनछन् । यसलाई के भन्ने हो ?

प्रदेशलाई अधिकार नदिइकन परनिर्भर बनाएर जाँदा गाली खान परेको, सेतो हात्ती भनिएको, अनावश्यक ठानिएको आरोप सुन्न परेको गुनासो पोखिएछ । जायज हो यो । मुख्यमन्त्री, मन्त्री र सांसद रहुञ्जेल आवश्यक मानिने, पद गुमेपछि अनावश्यक ठानिने चलनले । अरुले बनाएको वा भनाएको होइन यो । झण्डै एक दशकमा जति पनि सांसद र मन्त्री बने, तिनीहरुलाई एक्लै भेटेर सोधेमा आफै बताउँछन् - वडाध्यक्षको जति पनि अधिकार नभएको, जोक्कर फाल्टु बनाएकोले कतिपय ठाउँमा जाँदा आफैलाई लज्जानुभूति भएको' । त्यस्तो हुन किन गएको त ? कसैले सोधेमा मुसुक्क हाँसेर भन्छन् - राजनीति गरेपछि मनले नमाने पनि कतिपय काम गर्नु पर्ने रहेछ । कतिपय ठाउँमा जान पर्ने रहेछ । केही गर्न सकिन्छ कि, केही हुन्छ कि भनेर गएको हो, भएन ।' यस्तो तरिकाले अब हुँदैन, चल्दैन । कि केही गरेर देखाउनुस्, नभए आवश्यक छैन भन्नुस्, बाहिरिनुस् । केही गर्न नसक्ने, छाड्न पनि नसक्ने हुनु, देखिनु भएन । आफ्नो मान बँचाउनुस् ।

सबैलाई थाहा छ - पालिका, प्रदेश र संघीय सरकारका बीचमा समन्वय छैन ।' अनि जनताले पनि पालिका र संघ सरकारका बीचमा प्रदेश सरकारको आवश्यकताबोध गरेका देखिदैनन् । पालिका र संघ सरकारका बीचमा रहेको प्रदेश सरकार भनेको राजनीतिक पार्टीका कार्यकर्तालाई पाल्ने संरचना ठान्न बाध्य बनाइएको छ । अनि देखाइएको पनि छ त्यस्तै । सांसद र मन्त्री उत्पादन गर्ने कारखाना जस्तो देखिन्छ । प्रदेशका सांसद र मन्त्रीको कामका बारेमा जनता अनभिज्ञ छन् । अपनत्व ग्रहण गरेको देखिदैन । आवश्यक ठानिएको पनि छैन । बजेट जति आफ्नो सुविधाका लागि प्रयोग गर्ने, दलीय भागवण्डामा बाँडफाँट गर्दा कुरा नमिले सरकार ढाल्ने र अर्को बनाउने, सबै सांसदलाई मन्त्री बन्न पालो पुऱ्याउन पर्ने जस्ता क्रियाकलाप देखेपछि कसलै साथ दिदैन । अहोरात्र जनताका लागि खटेको, सुविधाबिना सेवा गरेर देखाएका भए सम्मान पनि बँच्थ्यो । बँचेन । नबँचेको कारण अन्त नखोजियोस् ।

प्रदेश सरकारमा मन्त्रालय थप्दै जाने होडबाजीले बदनाम गराएको थियो । अनि जनताको सेवा र सुविधाका लागि भन्दा आफ्नै सुविधा बढाउने धन्दाले हो बदनाम बनाएको । प्रायः सबै प्रदेश सरकारहरु कसरी जनताको मन जित्ने भन्ने प्रतिस्पर्धामा लागेका देखिएनन् । मौकाको फाइदा उठाउने काइदा अपनाउन थालेको देखेपछि कसैले पनि राम्रो र हाम्रो भन्दैन, भनेनन् । यति सामान्य विषय बुझ्न कुनै विश्व विद्यालयबाट विद्यावारिधि गर्न पर्दैन ।

# विश्वविद्यालयमा एआईको जवाफदेही प्रयोग




**हरिगोपाल रिसाल, विनोद दुवाडी**

नेपालका विश्वविद्यालयमा जेनेरेटिभ एआईको प्रयोग बढ्दै गए पनि गृहकार्य, परीक्षा र अनुसन्धानमा यसको सीमाबारे स्पष्ट राष्ट्रिय तथा संस्थागत नियम छैनन्। एआई प्रयोगको आधार सिकाइको उद्देश्य, शैक्षिक इमानदारी, स्रोत परीक्षण र विद्यार्थीको बौद्धिक स्वामित्व हुनुपर्छ।विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयहरूले तहगत मार्गदर्शन, प्रयोगसम्बन्धी खुलासा, डेटा सुरक्षा र न्यायोचित छानबिनको व्यवस्था गर्नुपर्छ। डिटेक्टरको स्कोरलाई मात्र प्रमाण नमान्दै मूल्यांकनलाई विद्यार्थीको स्वतन्त्र तर्क, मौखिक प्रस्तुति र प्रक्रियागत प्रमाणमा आधारित बनाउन आवश्यक छ।

डिजिटल असमानता र नेपाली भाषामा एआईका सम्भावित पूर्वाग्रहलाई ध्यान दिँदै विद्यार्थीलाई एआई साक्षरता र जिम्मेवार प्रयोग सिकाउनुपर्छ। एआईलाई पूर्ण निषेध वा अन्धस्वीकार होइन, पारदर्शी र जवाफदेही प्रयोगतर्फ उच्च शिक्षालाई अघि बढाउनुपर्ने देखिन्छ।विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा प्रतिवेदन २०२३/२४ अनुसार, नेपालका एक हजार ४ सय ३२ क्याम्पसमा ६ लाख ३३ हजार ५३ विद्यार्थी पढ्छन् । यी क्याम्पसमा विद्यार्थी र शिक्षकले च्याटजीपीटीजस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालिसकेका छन् । कलेजका विद्यार्थीले गरिरहेको एआईको प्रयोगबारे प्रसन्न पौडेल, सुरेन्द्र सुवेदीसहितका सात अनुसन्धानकर्ताको यसै वर्ष प्रकाशित अध्ययन लेख (अमेरिकन जर्नल अफ एसटीईएम, भोलम २०, २०२६) ले एआईबाट उत्पादकत्व बढ्ने देखेर निरन्तर प्रयोगको चाहना बलियो रहेको देखायो । काठमाडौं मोडेल कलेज र अमेरिकाको टेक्सस कलेजका ५ सय ७ स्नातक विद्यार्थीलाई समेटिएको अध्ययनअनुसार केही विद्यार्थी भने नैतिकता र शैक्षिक इमानदारीबारे अन्योलमा थिए ।नेपाल सरकारको राष्ट्रिय कृत्रिम बुद्धिमत्ता नीति २०८२ ले शिक्षाको गुणस्तर सुधार्न र डिजिटल खाडल घटाउन एआईको सम्भावना स्विकारेको छ । तर राष्ट्रिय नीतिले कुनै शिक्षक वा विद्यार्थीले गृहकार्य, परीक्षा वा अनुसन्धानमा के गर्न पाउने वा नपाउने भनेर स्पष्ट पारेको छैन । एउटै संस्थामा एक शिक्षकले विचार मन्थनका लागि एआईको प्रयोगलाई प्रोत्साहन गर्ने र अर्काले पूर्णतया अनुचित मान्ने अवस्था रहे विद्यार्थीले नियम होइन, अनुमान पछ्याउनुपर्छ । यही अस्पष्टता अहिलेको मुख्य समस्या हो ।

### सिकाइको उद्देश्य

प्रविधि प्रयोगको सन्दर्भमा संस्थाले आधारभूत क्षमता जोगाउँदै नयाँ साधन कहाँ उपयुक्त र कहाँ अनुपयुक्त हुन्छ भन्ने सीमा कोर्नुपर्छ । एआई प्रयोगको मुख्य आधार सिकाइको उद्देश्य हुनुपर्छ । जेनेरेटिभ एआई र क्याल्कुलेटर उस्तै नभए पनि यी दुईलाई तुलना गर्न सकिन्छ। क्याल्कुलेटरले सीमित गणना गर्छ, जेनेरेटिभ प्रणालीले सम्भाव्यताका आधारमा पाठ बनाउँछ, जुन गलत, पूर्वाग्रही वा मनगढन्ते हुन सक्छ । क्याल्कुलेटरकै कुरा गर्दा कुनै समय शैक्षिक रूपमा यसको प्रयोग पनि आपत्तिको विषय थियो। सन् १९८६ अप्रिल ३ मा अमेरिकाको वासिङ्टन डीसीमा गणित शिक्षकहरूको संस्था नेसनल काउन्सिल अफ टिचर्स अफ म्याथम्याटिक्सको वार्षिक सम्मेलनचलिरहेकाबेलासम्मेलनस्थलबाहिर प्राथमिक तहमा क्याल्कुलेटर प्रयोगको विरोध गर्दै केही शिक्षकले प्रदर्शन गरेको इतिहास पाइन्छ। त्यसबेला बालबालिकाले आधारभूत गणितीय सीप सिक्नुअघि क्याल्कुलेटर प्रयोग गर्दा सिकाइमा असर पर्न सक्ने उनीहरूको तर्क थियो । समयक्रममा भने क्याल्कुलेटर दैनिक जीवन र शिक्षामा पनि व्यापक रूपमा प्रयोग हुन थाल्यो।

प्रविधि प्रयोगको सन्दर्भमा संस्थाले आधारभूत क्षमता जोगाउँदै नयाँ साधन कहाँ उपयुक्त र कहाँ अनुपयुक्त हुन्छ भन्ने सीमा कोर्नुपर्छ । एआई प्रयोगको मुख्य आधार सिकाइको उद्देश्य हुनुपर्छ । भाषा विषयको परीक्षाले विद्यार्थीको लेखन क्षमता मापन गर्न खोजेको छ भने एआईबाट पुनर्लेखन गराउनु अनुपयुक्त हुन्छ। वित्त वा व्यवस्थापनको निबन्धमा सीमित व्याकरण सुधार स्वीकार्य हुन सक्छ। परीक्षामा बाह्य एआई सहायता निषेध हुनुपर्छ । निर्णायक प्रश्न कुन साधन चलाइयो भन्ने मात्र होइन, त्यसले मूल्यांकनले मापन गर्न खोजेको क्षमता प्रतिस्थापन गऱ्यो कि गरेन भन्ने हो।

### एआई साक्षरता

सोआस युनिभर्सिटी अफ लन्डनको मार्गदर्शनले एआईको उपयुक्त प्रयोग सिकाइमा सहयोगी हुन सक्ने तर एआईले बनाएको सामग्री आफ्नै भनेर पेस नगर्न विद्यार्थीलाई सचेत गराउँछ। रसेल ग्रुपका सिद्धान्तले पनि एआई साक्षरता, मूल्यांकनको अनुकूलन र शैक्षिक इमानदारीलाई सँगसँगै अघि बढाउन आग्रह गर्छन् । विद्यार्थीले स्रोत जाँच्न, आधारहीन सन्दर्भ छुट्याउन, गोप्य वा व्यक्तिगत तथ्यांक जोगाउन सिक्नुपर्छ। मेसिनबाट उत्तर निकाल्नु सीपको सुरुआत मात्र हो, त्यसको विश्वसनीयता र उपयुक्तता जाँच्नु उच्च शिक्षाको काम हो ।रोजगारीको पक्षलाई पनि बेवास्ता गर्न मिल्दैन । अनुसन्धान, विश्लेषण, कोडिङ, सञ्चार र तथ्यांक प्रशोधनमा एआईको सहयोग सामान्य बन्दै छ। विद्यार्थीलाई यी प्रविधिबाट पूरै टाढा राख्दा विश्वविद्यालयले उनीहरूलाई पेसागत जीवनका लागि अधुरो तयार पार्न सक्छ। तर तयारीको अर्थ मेसिनमा निर्भरता होइन, स्वतन्त्र निर्णय, स्रोत परीक्षण र जिम्मेवार प्रयोग हो।

### इमानदारीको रक्षा

एआई प्रयोगको सन्दर्भमा जोखिम प्रायः साधारण प्रक्रियाबाटै सुरु हुन्छ। समयसीमाको दबाबमा कुनै विद्यार्थीले च्याटबटबाट साहित्य समीक्षा तयार पारेर हुँदै नभएका सन्दर्भ नजाँची बुझाउँछ । कसैले नेपालीमा लेखेको विचार एआईबाट अंग्रेजीमा पुनर्लेखन गराउँछ, तर मौखिक परीक्षामा आफ्नै तर्क स्पष्ट गर्न सक्दैन । अनुसन्धानकर्ताले अन्तर्वार्ताको ट्रान्सक्रिप्ट सार्वजनिक च्याटबटमा राख्दा सहभागीको गोपनीयता भंग हुन सक्छ । त्यसैले स्पष्ट नियमसँगै स्रोत परीक्षण, डेटा सुरक्षा र बौद्धिक स्वामित्वको शिक्षा चाहिन्छ।

यसको समाधान एआई डिटेक्टरलाई निर्णायक बनाउनु होइन। सन् २०२३ को एक सहकर्मीले समीक्षा गरेको अध्ययनमा सात वटा डिटेक्टरले अंग्रेजी मातृभाषा नभएका व्यक्तिका ९१ वटा टोफल निबन्धमध्ये औसत ६१.३ प्रतिशतलाई एआईले लेखेको भनेर गलत वर्गीकरण गरे । उक्त परीक्षणमा 'टर्नइटटिन' समावेश थिएन, त्यसैले निष्कर्ष सबै साधनमा जस्ताको तस्तै लागू गर्न मिल्दैन। तर डिटेक्टरको स्कोर छानबिन सुरु गर्ने संकेत हुन सक्छ, अनुचित आचरणको प्रमाण होइन।

### नेपालको असमानता र भाषिक सन्दर्भ

इमानदारीको प्रश्न समानताबाट अलग हुन सक्दैन । राष्ट्रिय जनगणना २०७८ मा ३७.७२ प्रतिशत घरपरिवारमा मात्र इन्टरनेट सुविधा रहेको देखिएको थियो। यो तथ्यांक इन्टरनेटमा आजका विश्वविद्यालयका विद्यार्थीको पहुँचको मापन होइन, तर डिजिटल असमानताको संकेत हो। भरपर्दो इन्टरनेट, शुल्क तिर्नुपर्ने उन्नत सेवा, अंग्रेजी दक्षता र डिजिटल रूपमा सक्षम शिक्षकमा समान पहुँच छैन। यी असमानताको ख्याल नगरी एआई प्रयोग खुला गरियो भने सुविधा पाएका विद्यार्थीले थप लाभ लिने र वञ्चित विद्यार्थी झन् पछि पर्ने जोखिम हुन्छ।

भाषाको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। पाँच फिल-मास्क (खाली ठाउँमा उपयुक्त शब्द भर्ने प्रविधि) र ११ जेनेरेटिभ मोडल परीक्षण गरेको सन् २०२४ को नेपाली भाषासम्बन्धी अध्ययनले मोडलअनुसार फरक राजनीतिक र आर्थिक झुकाव देखाएको थियो। यसको अर्थ, हरेक नेपाली नतिजा पूर्वाग्रही हुन्छ भन्ने होइन, स्थानीय भाषा र सन्दर्भमा नतिजा परीक्षण नगरी भरोसा गर्न हुँदैन भन्ने हो।

### नेपालका लागि कार्यसूची

पहिलो, जिम्मेवारी तहगत रूपमा बाँड्नुपर्छ। विश्वविद्यालय अनुदान आयोगले पारदर्शिता, डेटा सुरक्षा, विद्यार्थीको सुनुवाइ र अपिलसम्बन्धी न्यूनतम राष्ट्रिय सिद्धान्त बनाउनुपर्छ । विश्वविद्यालयले त्यसका आधारमा संस्थागत नीति र स्वीकृत साधनको सूची तयार गर्नुपर्छ। संकाय वा विभागले विषय र सिकाइ उद्देश्यअनुसार अनुमति दिइएको, सीमित गरिएको र निषेध गरिएको प्रयोग छुट्याउनुपर्छ । हरेक मूल्यांकनको निर्देशनमै एआई चलाउन पाइने वा नपाइने कुरा स्पष्ट हुनुपर्छ।

दोस्रो, अनुमति दिइएको प्रयोगमा विद्यार्थीबाट छोटो खुलस्त्याइँ अनिवार्य गरिनुपर्छ । उदाहरणका लागि, विद्यार्थीले लेख्न सक्छः 'मैले सम्भावित प्रतितर्क पहिचान गर्न च्याटजीपीटी र भाषा सुधार्न ग्रामरली प्रयोग गरें, सबै स्रोत स्वतन्त्र रूपमा जाँचें र अन्तिम विश्लेषण आफैं लेखें ।' यस्तो खुलासाले इमानदार विद्यार्थीलाई सुरक्षा दिन्छ, शिक्षकलाई प्रक्रियाबारे जानकारी दिन्छ र लुकेको प्रयोगभन्दा जवाफदेही प्रयोगलाई प्रोत्साहन गर्छ।तेस्रो, मूल्यांकनलाई विद्यार्थीको बौद्धिक स्वामित्व देखिने गरी बदल्नुपर्छ। स्थानीय सन्दर्भमा आधारित विश्लेषण, मौखिक प्रस्तुति र बचाउ, क्षेत्रकार्य, कक्षा छलफल, चरणबद्ध मस्यौदा र सिर्जनात्मक लेखनलाई बढी महत्त्व दिन सकिन्छ। शिक्षकको समय सीमित हुने भएकाले यो सुधार थेसिस, अन्तिम परियोजना र उच्च महत्त्वका मूल्यांकनबाट सुरु गर्न सकिन्छ। विद्यार्थीले तर्क किन रोज्यो, कुन प्रमाण जाँच्यो र कुन वैकल्पिक व्याख्या अस्वीकार गऱ्यो भन्ने बताउन सके उसको बौद्धिक स्वामित्व देखिन्छ।

चौथो, अनुचित प्रयोगको छानबिनमा न्यायोचित प्रक्रिया चाहिन्छ । विद्यार्थीलाई आरोप र प्रमाण देखाउनुपर्छ, आफ्नो कार्यप्रक्रिया व्याख्या गर्ने अवसर दिइनुपर्छ र अपिलको बाटो खुला हुनुपर्छ। डिटेक्टरको स्कोर मात्रै सजायको आधार बन्नु हुँदैन, मस्यौदा, टिपोट, स्रोत र मौखिक छलफललाई समग्र रूपमा हेर्नुपर्छ ।सन् २०२६ मे २० मा काठमाडौंमा युनेस्को काठमाडौं, त्रिभुवन विश्वविद्यालय, एसियाली विकास बैंक र युनेस्को अन्तर्गतको उच्च शिक्षामा सहकार्य र प्रविधि हस्तान्तरण गर्ने अन्तर्राष्ट्रिय केन्द्र (आईसीएचईआई) ले आयोजना गरेको दक्षिण एसियाली उच्च शिक्षा नीति संवादले असमान डिजिटल पूर्वाधार, शिक्षकको सीमित एआई क्षमता र छरिएका नीतिगत ढाँचालाई तत्काल सम्बोधन गर्नुपर्ने भनेको थियो । विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयहरूले आगामी मुख्य मूल्यांकन चक्रअघि न्यूनतम मार्गदर्शन जारी गर्नुपर्छ ।विश्वविद्यालयसामु एआईलाई अन्धाधुन्ध स्वीकार वा पूर्ण निषेधमध्ये एउटा रोज्ने बाध्यता छैन। वास्तविक रोजाइ अव्यवस्थित प्रयोग र शिक्षित, पारदर्शी तथा जवाफदेही प्रयोगबीचको हो । उच्च शिक्षाको दायित्व विद्यार्थीलाई आफ्नो बौद्धिक स्वामित्व, शैक्षिक इमानदारी र स्वतन्त्र विवेक नगुमाई शक्तिशाली साधन प्रयोग गर्न तयार पार्नु हो।-कान्तिपुर

# उपत्यका छाड्न डेढ लाखले लिए टिकट : दैनिक १० हजार स्वदेश फर्किंदै



काठमाण्डौ २८ असोज

उपत्यका छाड्न १ लाखले अग्रिम टिकट लिइसेकेका छन् । त्यसैगरी दैनिक १० हजार नेपाली स्वदेश फर्किंदै गरेकाछन् । यी दुबै अवसर दशैं पर्व शुरू भएसँगै देखा परेका हुन । काठमाण्डौ उपत्यका छाडेर घर फर्किने यात्रुको चाप बढेको छ । अध्ययन, रोजगारी र पेशा-व्यवसायका लागि सङ्घीय राजधानीमा रहेका मानिसहरू दशैं मनाउन गाउँ फर्किन थालेपछि उपत्यकाका मुख्य नाकाहरूमा यात्रुको चहलपहल बढेको हो ।काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार घटस्थापनायता सार्वजनिक गाडीमार्फत १ लाख ८७ हजारभन्दा धेरै यात्रु उपत्यकाबाट बाहिरिएका छन् । पछिल्लो २४ घण्टामा मात्रै विभिन्न नाका हुँदै ७८ हजारभन्दा धेरै मानिसले काठमाण्डौ छाडेका छन् ।

यसैबीच असोज २३ गतेदेखि खुला गरिएको अग्रिम बस टिकट बुकिङमार्फत अहिलेसम्म १ लाख ३० हजार १२९ जना यात्रुले टिकट लिइसकेका छन् ।यात्रुको चाप बढे पनि बिग्रिएका सडकका कारण यातायात व्यवस्थापनमा चुनौती थपिएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अनुसार राष्ट्रिय राजमार्गहरू बिग्रिएकाले गाडी समयमै काठमाण्डौ फर्कन नसक्दा सञ्चालनमा समस्या भएको हो ।महासङ्घले यात्रुहरूलाई अनिवार्य रूपमा टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडादर बुझ्न र गाडीको अवस्था जाँच गरेर सुरक्षित यात्रा गर्न आग्रह गरेको छ ।

यता दशैं पर्व नजिकिएसँगै नेपालगन्जस्थित नेपाल-भारत जमुनाहा नाकाबाट स्वदेश फर्किने नेपालीको चाप बढेको छ । पछिल्ला केही दिनयता दैनिक करिब १० हजार नेपाली स्वदेश फर्किरहेको इलाका प्रहरी कार्यालय जमुनाहाका प्रमुख प्रहरी निरीक्षक राजनप्रसाद भट्टराईले बताउनुभयो ।कार्यालयका अनुसार पछिल्लो छ दिनमा मात्रै ६० हजारभन्दा बढी नेपाली जमुनाहा नाका हुँदै स्वदेश फर्किएका छन् । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका बासिन्दा चाडपर्व मनाउन घर फर्किरहेका छन् ।

चाडपर्वका बेला यात्रुको सुरक्षा र सहजताका लागि जमुनाहा नाकामा यात्रु सहायता कक्ष सञ्चालन गरिएको छ ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार लुटपाट तथा ठगी नियन्त्रण गर्न र यात्रुलाई सुरक्षित गन्तव्यसम्म पुऱ्याउन विशेष सुरक्षा योजना लागू गरिएको छ ।नेपाल प्रहरी र सशस्त्र प्रहरीले जमुनाहा नाकादेखि नेपालगन्ज तथा कोहलपुरका बसपार्कसम्म निगरानी बढाएका छन्

# जुवा खालमा प्रहरीको छापा १ दर्जन पक्राउ



वाँके २८ असोज

जुवा खालमा प्रहरीको छापा परेपछि १ दर्जन जुवाडे पक्राउपरेकाछन् । बाँकेको खजुरा गाउँपालिकामा जुवातास खेलिरहेको अवस्थामा प्रहरीले १२ जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार खजुरा गाउँपालिका-७, सोनवर्षास्थित विष्णु वर्माको खाली घरको छतमा जुवातास खेलिरहेको सूचना पाएपछि प्रहरीले छापा मारेको थियो।

सो क्रममा जुवाको खालबाट नगद ५७ हजार ४७० रुपैयाँ, खोलिएको तासको एक गड्डी र नखोलिएको तासको एक गड्डी बरामद गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी प्रितम सिंह राठौरका अनुसार पक्राउ परेका १२ जनाविरुद्ध जुवासम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ। उनीहरूलाई जिल्ला प्रशासन कार्यालय बाँकेबाट तीन दिनको म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको उनले जानकारी दिएका छन्।

# सुरुङ र ड्यामभित्रको सडक बन्यो वैकल्पिक मार्ग

गुल्मी २८ असोज

बाढीले पुल भत्काएपछि वैकल्पिक मार्गका रूपमा सुरुङ प्रयोग र ड्यामभित्रको सडक प्रयोग हुन थालेकोछ । कालीगण्डकी नदीमा आएको बाढीले गुल्मी र स्याङ्जा जोड्ने रेप्कास्थित बेलिब्रिज भत्काएपछि वैकल्पिक मार्गका रूपमा सुरुङ र ड्यामभित्रको सडक प्रयोगमा ल्याइएको छाकरिब ३०० मिटर लामो सुरुङ र ड्यामको सडकबाट दुई, तीन र चारपाङ्ग्रे हलुका सवारीसाधनलाई



आवागमन गर्न दिइएको छ भने ठूला बस र मालवाहक सवारीसाधनलाई रोक लगाइएको छ। वैकल्पिक मार्ग सञ्चालनमा आएपछि स्थानीयले केही राहत महसुस गरेका छन्। तर, यो अस्थायी व्यवस्था मात्र भएकाले दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारले नयाँ पुल निर्माणको प्रक्रिया छिटो अघि बढाउनुपर्ने स्थानीय जनप्रतिनिधिले बताएका छन् ।

# २ महाविपत्ति पछि यस वर्षको मनसुन सकियो

ललितपुर २८ असोज

भोटेकोशी र कालीगण्डकी क्षेत्रमा ठूलो मानविय क्षेती भौतिक नोक्सानी र बस्तीहरुको नाम निशान मेट्दै यस वर्षको मनसुन नेपालबाट बाहिरिएको छ ।



मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले बुलेटिनमार्फत बुधवार असोज २८ गते यस वर्षको मनसुन नेपालको सबै भूभागबाट बाहिरिएको जानकारी दिएको हो । महाशाखाले यही असोज १७ गते सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायत लुम्बिनी प्रदेशको पश्चिमी भूभागको थोरै ठाउँ र गण्डकी प्रदेशको पश्चिमी भूभागको थोरै ठाउँबाट यस वर्षको मौसम बाहिरिएको जानकारी गराएको थियो ।यस वर्ष औसत मितिभन्दा १२ दिन ढिला गरी मनसुन बाहिरिएको छ । सामान्यतया नेपालमा मनसुन १३ जुनदेखि शुरू भई २ अक्टोबरमा बाहिरिन्छ । तर यस वर्ष १९ जुन अर्थात् असार ५ गते मनसुन भित्रिएको थियो भने सरदर मितिभन्दा १२ दिनपछि आज बाहिरिएको छ ।यस वर्षको मनसुनमा औसतको आसपासमै वर्षा भएको छ । मनसुन बाहिरिए पनि स्थानीय र पश्चिमी वायुको प्रभावले पानी पर्न सक्ने महाशाखाले जनाएको छ ।


हार्दिक मंगलमय शुभकामना

चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।

नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

दिनामणि खनाल /व्यवस्थापक लक्ष्मण बेल्बासे/अध्यक्ष

सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार

बाणगंगा नगरपालिका-१, जितपुर, कपिलवस्तु



हार्दिक मंगलमय शुभकामना

चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।

नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

सागर घिमिरे /व्यवस्थापक घनश्याम घिमिरे/अध्यक्ष

स्वाभिमान बचत तथा ऋण सहकारी संस्था लि. परिवार

बाणगंगा नगरपालिका-१, जितपुर, कपिलवस्तु



हार्दिक मंगलमय शुभकामना

चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।

नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हरिलाल शर्मा/व्यवस्थापक दिना सुवेदी/अध्यक्ष

सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि. परिवार

बाणगंगा नगरपालिका-४, कपिलवस्तु



जनहितमा जारी सन्देश

जथाभावी रुख नकाटौं । वन जंगल जोगाऔं । चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।

नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्याम कुमार गुप्ता/अध्यक्ष

हथौसा सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा नगरपालिका, कपिलवस्तु



जनहितमा जारी सन्देश

जथाभावी रुख नकाटौं । वन जंगल जोगाऔं । चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।

नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पदम बेल्बासे/अध्यक्ष

कोटिहवा सामुदायिक वन उपभोक्ता समूह परिवार

बाणगंगा नगरपालिका, कपिलवस्तु



नेपाल सरकार

भूमि व्यवस्था तथा सहकारी, सहकारिय गरिबिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि प्रशासन कार्यालय**

**तौलिहवा, कपिलवस्तु**

प.सं. २०८३/८४
च.नं.

मिति २०८३/६/२३

विषयः– हकदावी सम्बन्धी ३५ दिने सूचना।

प्रस्तुत विषयमा जिल्ला कपिलवस्तु, साविक महेन्द्रकोट गा.वि.स. वडा नं. ९ हालको बुद्धभूमी नगरपालिका वडा नं. १ वस्ने तेतरा थारुको नाती, कल्लु थारुको छोरा ज.ध. चिन्कु थारुको मिति २०८०/५/३१ गते अविवाहित रहेको अवस्थामा मृत्यु भएको। निजको सहोदर दाजु राम नरेश थारुको मिति २०७८/२/१ मा मृत्यु भएको। राम नरेश थारुको एक मात्र पत्नी चुकिया थरुनीको पनि मिति २०७७/२/१२ गते मृत्यु भएको। राम नरेश थारु र चुकिया थरुनी दम्पत्तीको दुई छोराहरु देवराज थारु र ठगिश्वर चौधरी हुन। दिदि वहिनि तिन जना छोरीहरु रहेकोमा निजहरुको विवाहदान भै सकेक हुँदा मृतक ज.ध. चिन्कु थारुको नाँउमा श्रेस्ता कायम रहेको तपसिल बमोजिमको जग्गा हाम्रो भोगचलनमा रहेको साथै उक्त जग्गामा कुनै सरकारी सार्वजनिक जग्गा नघुसेको, विक्रि वितरण वा अन्य कुनै ब्यहोराले हक हस्तान्तरण नभएको, हदवन्दीमा समेत नपरेको। ज.ध. चिन्कु थारु जिवित छदाँ पालनपोषण, रेखदेख, औषधी उपचार र मृत्यु पश्चात काजकिरिया हामीले नै गरेको हो र अन्य कोही हकवाला नरहेको हुँदा मृतक ज.ध.को नाँउमा श्रेस्ता कायम रहेको तपसिल वमोजिमको जग्गा हाम्रो नाँउमा सँयुक्त नामसारी गरी पाँउ भनि देवराज थारु र ठगिश्वर चौधरीको माग निवेदन अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। निवेदकहरु बाहेक अन्य कोही हकवाला भए यो सूचना टाँस भएको मितिले पैतिस दिन भित्र प्रमाण समेत लिइ यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न बमोजिमको कित्ता निवेदकहरुको माग अनुसार नामसारी भई जानेछ र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| गा.वि.स. | वडा नं. | कित्ता नं. | ज.वि. | दर्तावालाको नामथर |
|---|---|---|---|---|
| महेन्द्रकोट | ३घ | ६९५ | ०-२-८ | ज.ध. चिन्कु थारु<br>बाबुः कल्लु थारु<br>बाजे : तेतरा थारु<br>ठेगानाः जिल्ला कपिलवस्तु, साविक महेन्द्रकोट वडा नं. ९। |

# लुम्बिनी : स्क्रवटाइफस र डेङ्गु
# संक्रमण उच्च, परीक्षण किटको अभाव

भैरहवा २८ असोज

लुम्बिनी प्रदेशमा स्क्रवटाइफस र डेङ्गु संक्रमण उच्च हुदै गएपनि परीक्षण किटको चरम अभाव हुदै गएकोछ छ। परीक्षण किटको अभावले रोग पहिचान तथा नियन्त्रणमा चुनौती देखिएको छ । आवश्यकता अनुसार किट उपलब्ध नहुँदा सङ्क्रमणको परीक्षण र निगरानी प्रभावकारी बनाउन समस्या भइरहेको स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।स्वास्थ्य निर्देशनालय लुम्बिनीका अनुसार जनवरीदेखि सेप्टेम्बरसम्म प्रदेशका १२ जिल्लामा स्क्रब टाइफससँग मिल्दोजुल्दो लक्षण देखिएका दुई हजार ७८० जनाको परीक्षण गर्दा २३१ जनामा सङ्क्रमण पुष्टि भएको छ । त्यस्तै, डेङ्गुसँग



मिल्दोजुल्दो लक्षण देखिएका ८४६ जनामध्ये ८२७ जनामा सङ्क्रमण पुष्टि भएको छ ।स्क्रब टाइफसको सङ्क्रमण सबैभन्दा बढी दाङमा ६५ जनामा देखिएको छ भने पाल्पामा २२, रुपन्देहीमा १४ र कपिलवस्तुमा तीन जनामा पुष्टि भएको छ ।डेङ्गु सङ्क्रमण भने पाल्पामा सबैभन्दा बढी २५१ जनामा पुष्टि भएको छ। दाङमा १६३, रुपन्देहीमा १२८, गुल्मीमा ६५ र पश्चिम नवलपरासीमा ६३ जनामा डेङ्गु देखिएको निर्देशनालयको तथ्याङ्क छ ।स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य अधिकृत ताराबहादुर कार्कीले स्क्रब टाइफसबाट बच्न घरवरपरका झाडी तथा घाँस सफा राख्न र खेतबारीमा काम गर्दा सावधानी अपनाउन आग्रह गर्नुभएको छ। त्यस्तै, डेङ्गुबाट बच्न घर तथा कार्यालय परिसरमा पानी जम्न नदिने र लामखुट्टेको प्रजननस्थल नष्ट गर्न स्वास्थ्यकर्मीले सुझाव दिएका छन् ।केन्द्रका निर्देशक डा. राजेन्द्र गिरीले जिल्ला स्वास्थ्य कार्यालयमार्फत सङ्क्रमण बढी देखिएका क्षेत्रमा परीक्षण किट पठाइए पनि आवश्यकताअनुसार पर्याप्त हुन नसकेको बताउनुभयो ।स्वास्थ्यकर्मीले ज्वरो आउने, टाउको तथा शरीर दुख्ने र अत्यधिक कमजोरी हुनेजस्ता लक्षण देखिएमा समयमै स्वास्थ्य संस्थामा गई परीक्षण तथा उपचार गराउन आग्रह गरेका छन् ।

# बिपद ब्यवस्थापन राष्ट्रिय परिषद्ले माग्यो साढे ५ खर्ब बजेट

भक्तपुर २८ असोज

बिपद ब्यवस्थापन राष्ट्रिय परिषद्ले सरकारसंग साढे ५ खर्ब बजेट माग गर्दै पत्राचार गरेकोछ।




अविरल वर्षा, बाढी र पहिरोजस्ता मौसमजन्य विपत्तिबाट भएको क्षतिको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि सरकारले ५ खर्ब ५९ अर्ब ७२ करोड रुपैयाँभन्दा धेरैको बजेट सिफारिश गरेको छ ।विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को निर्णयअनुसार ५०४ वटा योजना अघि सार्दै बजेट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिश गरिएको हो प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीका अनुसार विपद्पछि तत्काल गरिनुपर्ने र दीर्घकालीन रूपमा सम्पन्न गर्नुपर्ने योजनाहरूलाई मन्त्रालयगत रूपमा वर्गीकरण गरी बजेट माग गरिएको छ।

माग गरिएको बजेटमध्ये सबैभन्दा ठूलो हिस्सा भौतिक पूर्वाधार, सडक तथा जलस्रोत क्षेत्रको पुनर्निर्माणमा छ।

भोटेकोशी, त्रिशूली, कालीगण्डकी र बूढीगण्डकी क्षेत्रका क्षतिग्रस्त सडक तथा झोलुङ्गे पुल, खानेपानी र सिँचाइ आयोजनाहरूका लागि अर्बौं रुपैयाँ बजेट प्रस्ताव गरिएको उप्रेतीले जानकारी दिनुभयो।

यस्तै ऊर्जा तथा जलस्रोत मन्त्रालयअन्तर्गत नदी नियन्त्रण, जलसतह मापन केन्द्र र सिँचाइ पुनर्निर्माणका लागि झन्डै १ खर्ब ९४ अर्ब रुपैयाँ माग गरिएको छ।सूचना तथा सञ्चार क्षेत्रमा दूरसञ्चार र इन्टरनेट सेवा पुनः सञ्चालन गर्न साढे ८६ करोड रुपैयाँभन्दा धेरै आवश्यक पर्नेछ।

# यशोधरा गाउँपालिकाले
# समावेशी र समानताको नीति बनाउँदै

तौलिहवा २८ असोज




कपिलवस्तुको यशोधरा गाउँपालिकाले समाबेशी र समानताको नीति बनाउँन थालेकोछ ।पालिकाले लैङ्गिक समानता, अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न पालिकास्तरीय नीति निर्माण प्रक्रिया अघि बढाएको छ।

यूएन वुमनको सहयोग तथा 'हाम्रो साहस' कार्यक्रमअन्तर्गत थारु महिला उत्थान केन्द्र र लुम्बिनी अपाङ्गता विकास केन्द्रको आयोजनामा सम्पन्न नीति संवाद कार्यक्रममा नीतिको मस्यौदामाथि छलफल गर्दै सरोकारवालाले आवश्यक सुझाव दिएका छन्।

सहभागीहरूले लैङ्गिक हिंसा, अपाङ्गताका आधारमा हुने विभेद तथा सामाजिक बहिष्करण न्यूनीकरण गर्न स्थानीय तहले स्पष्ट नीति बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवले प्राप्त सुझावका आधारमा नीतिको मस्यौदालाई अन्तिम रूप दिएर गाउँ कार्यपालिकामा पेस गरिने बताउनुभयो। सामाजिक बिकास शाखा प्रमुख द्धारिका प्रसाद मिश्रले सामाजिक विभेद, हिंसा र हानिकारक सामाजिक मान्यता न्यूनीकरणका लागि दीर्घकालीन नीतिगत व्यवस्था आवश्यक रहेको बताउनुभयो।

वडाध्यक्षद्धय अब्दुल कयूम खान र चन्द्रप्रकाश दुबेले नीति निर्माण तथा कार्यान्वयनका लागी जनप्रतिनिधी र कर्मचारीको आपसी समन्वय कायम रहनुपर्नेमा जोड दिनुभएको छ।

लुम्बिनी अपाङ्गता विकास केन्द्रका अध्यक्ष ओरिराम चौरेसियाले अपाङ्गता भएका व्यक्ति, महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै मस्यौदालाई गाउँपालिकाको औपचारिक नीतिका रूपमा स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा अपाङ्गतामैत्री भौतिक संरचना, समावेशी शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, रोजगारी, आर्थिक सशक्तीकरण तथा सार्वजनिक सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने सुझाव दिइएको छ । नीति कार्यान्वयनका लागि आवश्यक बजेट, जिम्मेवारी, नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्नुपर्नेमा समेत सहभागीले जोड दिएका छन् । लुम्बिनी अपांगता बिकास केन्द्रका अध्यक्ष चौरसियाको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष गुन्जादेवी मौर्यको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा

प्रमुख प्रशासकीय अधिकृत बलिराम यादव, कार्यपालिका सदस्यहरु अनारती लोध, लक्ष्मी देवी चमार, रामअचल कोरी, गैरसरकारी संस्था महासङ्घ कपिलवस्तुका उपाध्यक्ष रामशरण रैदास, महिला अधिकारकर्मी प्रेमलता भट्ट, वडाध्यक्षहरू सरिता त्रिपाठी, राजकुमार जैसवाल, जुबेर अहमद मुसलमान, अहमद अली खाँन, प्रशासन शाखा प्रमुख रेशम राज शर्मा, स्वास्थ्य शाखा प्रतिनिधी ज्योती प्रकाश दुवे लगायत अधिकारकर्मी तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रमबाट प्राप्त सुझाव समेटेर नीतिको मस्यौदा परिमार्जन गरी नगर कार्यपालिकामा पेस गर्ने तयारी गरिएको छ।

जनहितमा जारी सन्देश
जथाभावी रूख नकाटौं । वन जंगल जोगाऔं ।
चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।
नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
योगेन्द्र पौडेल /अध्यक्ष
अमृत सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा नगरपालिका, कपिलवस्तु

जनहितमा जारी सन्देश
जथाभावी रूख नकाटौं । वन जंगल जोगाऔं ।
चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।
नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डिल्लीराज रेग्मी /अध्यक्ष
नवप्रभात सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा नगरपालिका, कपिलवस्तु

जनहितमा जारी सन्देश
जथाभावी रूख नकाटौं । वन जंगल जोगाऔं ।
चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।
नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
चेतनारायण ढकाल /अध्यक्ष
आदर्श सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा नगरपालिका, कपिलवस्तु

जनहितमा जारी सन्देश
जथाभावी रूख नकाटौं । वन जंगल जोगाऔं ।
चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।
नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ठाकुरप्रसाद खनाल /अध्यक्ष
साहारा सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा नगरपालिका, कपिलवस्तु

जनहितमा जारी सन्देश
जथाभावी रूख नकाटौं । वन जंगल जोगाऔं ।
चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।
नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिपक थापा/अध्यक्ष
खोंजीपुर सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा नगरपालिका, कपिलवस्तु

जनहितमा जारी सन्देश
जथाभावी रूख नकाटौं । वन जंगल जोगाऔं ।
चाडपर्वको मौका छोपी वन जंगलमा चोरी शिकारी बढ्ने हुँदा यस्ता कार्य नगरौं । यदि यस्ता कार्य गरेको पाइएमा कडा भन्दा कडा कारर्वाही हुनेछ ।
नेपाली हरुको महान पर्व वडादशैं, शुभदिपावली तथा छठपर्वको पावन अवसरमा हाम्रा उपभोक्ता ,कर्मचारी कार्यसमिति लगाएत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मित्रलाल पौडेल/अध्यक्ष
कालिका सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा नगरपालिका, कपिलवस्तु

**कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठान**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**,
अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**,
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

# अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन : सहकार्य, सहअस्तित्व र समन्वयमा जोड

विराटनगर, २८ असोज

नेपालको संविधानमा व्यवस्था भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच राज्यशक्तिको बाँडफाँट, सहअस्तित्व र समन्वयमा आधारित सङ्घीय शासन प्रणाली कार्यान्वयनमा जोड दिँदै 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन' सम्पन्न भएको छ । कोशी प्रदेश सरकारद्वारा यहाँ आयोजित दुईदिने सम्मेलनपछि सार्वजनिक गरिएको साझा घोषणापत्रमा नेपालको संविधानमा व्यवस्था भएबमोजिम तीनै तहका सरकार सञ्चालन भई सङ्घीय शासन प्रणालीलाई थप सुदृढ बनाउने सन्दर्भमा ऐक्यबद्धता व्यक्त गरिएको छ । नेपालको संविधानको धारा ५६, ५७, ५९, ६० तथा २३२ देखि २३६ र सम्बन्धित अनुसूचीबमोजिम तहगत अधिकार, जिम्मेवारी, स्रोत परिचालन तथा अन्तर प्रदेशीय समन्वय र सहकार्यको आधार सुनिश्चित गरेकाले सोहीअनुसार मुलुकको शासन व्यवस्था सञ्चालन हुनुपर्ने घोषणापत्रमा उल्लेख छ । यसैगरी, सङ्घीयता कार्यान्वयनका क्रमममा अधिकार क्षेत्रको अस्पष्टता, कार्य जिम्मेवारीको दोहोरोपन, कानुन निर्माणमा ढिलाइ, कर्मचारी तथा संरचना व्यवस्थापन, वित्तीय स्रोत अपर्याप्त, सङ्घीय सम्पत्ति तथा दायित्व हस्तान्तरणको अपूर्णता र अन्तरसरकारी समन्वयका चुनौतीहरु विद्यमान रहेको जनाएएको छ । कोशी प्रदेश सम्मेलनले संविधानप्रदत प्रदेश अधिकारको प्रभावकारी प्रयोग तथा सुशासन र नागरिक केन्द्रित सेवा प्रवाह सुनिश्चित गर्नु सङ्घीयता सवलीकरणको आधार हो भन्ने निष्कर्षसहित दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौँ योजना तथा सातवटै प्रदेशका आवधिक योजना, नीति र प्राथमिकतामा समेटिएका विषयवस्तुप्रति ऐक्यबद्धता जनाएको छ । सम्मेलनमा भाग लिनुहुने मुख्यमन्त्रीहरूले नागरिकको आय, रोजगारी, उत्पादनशीलता, खाद्य तथा पोषण सुरक्षा, शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षा, सेवा तथा अवसरको पहुँच, उद्यमशीलता, सीप विकास, सुशासन, वातावरण, संरक्षण र जलवायु उत्थानशीलतासँग सम्बन्धित साझा विषयलाई अन्तरप्रदेशीय सहकार्यका प्रमुख परिणामका रुपमा आत्मसात् गर्दै ऐक्यद्धता व्यक्त गर्नुभएको छ । देशका प्राकृतिक स्रोत, उत्पादन, मानव स्रोतसाधान, भौगोलिक विशेषता र आर्थिक सम्भावनाको विविधतालाई अवसरका रुपमा उपयोग गर्दै कृषि तथा निर्यात, पर्यटन, पूर्वाधार, ऊर्जा, प्राकृतिक स्रोत, नदी तथा जलाधार, विपद् व्यवस्थापन, युवा तथा नवप्रवर्तन, बजार, डिजिटल 'कनेक्टिभिटी' र कृत्रिम बौद्धिकताको उपयोगलगायत साझा हितका क्षेत्रमा तुलनात्मक लाभ, संयुक्त लगानी, साझा पूर्वाधार र पारस्परिक लाभमा आधारित विकास साझेदारीलाई संस्थागत गर्न आवश्यक भएको भनी घोषणापत्रमा उल्लेख छ।




त्यस्तै, सङ्घीयता कार्यान्वयन तथा संविधानप्रदत्त प्रदेशको अधिकारको पूर्ण प्रयोग, कार्य जिम्मेवारीको स्पष्टता र बाँकी अधिकार हस्तान्तरणसम्बन्धी सङ्घीय सरकारसमक्ष पेस गरिने नीतिगत तथा कानुनी विषयहरु, सङ्घीय कानुन निर्माण, संशोधन तथा कार्य विस्तृतीकरणको पुनरावलोकन, प्रशासननिक सङ्घीयतताको कार्यान्वयन, प्रदेश प्रहरी प्रशासन तथा शान्तिसुरक्षा, सङ्घीय कार्यालय, सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण गरी दोहोरोपन हटाउने, वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वय तथा प्राकृतिक स्रोतको राजस्व बाँडफाँट, अन्तरप्रदेशीय आयोजना तथा पूर्वाधार विकास, आयोजना तथा कार्यक्रमको तहगत स्पष्टता तथा प्रदेश अधिकारको कार्यान्वयलगायत विषयवस्तु घोषणापत्रमा समेटिएको छ । अन्तरप्रदेश प्राथमिकता प्राप्त प्रमुख साझेदारी कार्यक्रम, साझा विकास तथा समृद्धि करिडोर, प्राकृतिक स्रोतको समन्यायिक उपयोग तथा लाभ बाँडफाँट, जलवायु तथा विपद् जोखिम व्यवस्थापन, साझा प्रतिबद्धता, संविधानको पूर्ण कार्यान्वयन र सङ्घीयताको सुदृढीकरण, प्रदेश र स्थानीय तहबीचको संवैधानिक कार्यसम्बन्ध तथा स्थानीय स्वायततताको सम्मान, सुशासन, पारदर्शिता तथा नतिजामुखी सार्वजनिक वित्त व्यवस्थापन र नागरिक केन्द्रित सेवा प्रवाह तथा समावेशी र सन्तुलित विकासजस्ता विषयलाई घोषणपत्रमा प्राथमिकतासाथ समावेश गरिएको छ । सो अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मुलुकको सङ्घीय शासन प्रणालीलाई थप सुदृढ बनाउन दुईदिने विराटनगर सम्मेलन सफल भएको दाबी गर्नुहुँदै छिट्टै प्रधानमन्त्रीसँग भेटघाटको समय मिलाइ जारी घोषणापत्रमा समेटिएका विषयवस्तुमाथि छलफल अघि बढाइने जानकारी दिनुभयो । सम्मेलनपछि मुख्यमन्त्री कार्कीले सबै मुख्यमन्त्रीलाई उपहारस्वरुप भोजपुरे खुकुरी, ढाका कपडाको कोट र टोपी तथा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गौतमबुद्धको मूर्ति उपहारस्वरुप प्रदान गर्नुभएको थियो ।

सो सम्मेलनमा मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीसहित सबै प्रदेशका मुख्यसचिव, मुख्यन्यायाधिवक्ता, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं विज्ञहरुको सहभागिता रहेको थियो ।

# काठ चोरी बढेपछि रात्रिकालीन गस्ती



बर्दिया २८ असोज

बनका काठ रातारात चोरी निकासी हुन थालेपछि स्थानीयले सामुहिक गस्ती शुरु गरेकाछन् । बर्दियाको गुलरिया नगरपालिका-५ स्थित भृकुटी महिला सामुदायिक वनमा काठ चोरी बढेपछि स्थानीय उपभोक्ताले रात्रिकालीन गस्ती सुरु गरेका छन् । ३१ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त वनमा रातिको समयमा रुख काटेर चोरीनिकासी हुन थालेपछि उपभोक्ताले निगरानी बढाएका हुन्। बगरको जग्गामा वृक्षरोपण गरी विकास गरिएको वनमा काठदाउरा उपयोग गर्न नपाएको र सुकेका तथा ढलेका रुखको उचित व्यवस्थापन नभएको स्थानीयको गुनासो छ ।चाडपर्वका बेला काठ चोरी बढ्ने गरेकाले चोरीनिकासी नियन्त्रण गर्न चुनौती थपिएको छ।

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं ।
चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
सुन्दर आचार्य/कार्यकारी निर्देशक
मुमाराम चालिसे/अध्यक्ष
युनाइटेड बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-४,ठाकुरापुर, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं ।
चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
मनोज पौडेल/व्यवस्थापक
भरतराज न्यौपाने/अध्यक्ष
हिमाली बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-५, कोपवा, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं ।
चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
पुष्पा थापा/व्यवस्थापक
क्या. टोपबहादुर थापा/अध्यक्ष
जनसेवा कृषि सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-७ मोतिपुर, कपिलवस्तु

## Invitation for Bids

Krishnanagar Municipality

## Office Of Municipal Executive

Krishnanagar Kapilvastu

Lumbini Province, Nepal

### INVITATION FOR BIDS

Invitation for Bids No: KNM/NCB/WORKS/RD-01/2083/084
Date of Publication: 2083/06/29 (Oct 15, 2026)

**1.** ***Krishnanagar Municipality, Krishnanagar Municipality-02, Kapilvastu*** invites Sealed Bids (Hard Copy) from eligible bidders for following works:

| S.N. | Contract ID | Work Descriptions & Site | Est. Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period / Bid Security Validity Period | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/WORKS/RD-01/2083/084 | ***Construction of Chaipurwa ahuro kalopatre dekhi patana hudai wada no 12 ko wada karyalay bedmau samma sadak staronnati and Patana Dekhi Wada no 11 ko wada karyalay basantpur samma sadak staronnati .*** | | 9,53,000.00 | 90 Days/120 Days | 5000.00 | 1S2E |
| 2 | KNM/NCB/WORKS/BLD-01/2083/084 | ***Construction of Toilet in Different Schools(Shree Devi Bidhyapith Ma.Vi., Shree Shiv Shakti Aa.Vi. Shree Nepal Rashtriy and Shree Nepal Rashtriy Ma. Vi.*** | 74,87,302.33 | 1,81,000.00 | 90 Days/120 Days | 3000.00 | 1S1E |

**2.** Information to deposit the cost of Bidding Document & Bid Security in the bank:

| Office Name | Krishnanagar Municipality, Makwanpur | Contract No.:9857085111 | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Ltd | All | 2083/07/09 Time: 10:00 A.M. | 2083/07/19 Time: 12:00 P.M. | 2083/07/19 Time: 13:00 P.M. |
| Rajaswa khata No. | 01403000001001000001 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Office code No.: | 80549402 | | | | |

**3.** Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Whereas under the Single Stage, Single Envelope Procedure, Bidders are required to submit mandatory documents and price bid in one Sealed Envelope as per the provision of ITB 18 of the Bidding Document.

**4.** A complete set of Bidding Documents may be purchased from the office ***Krishnanagar Municipality, Krishnanagar Municipality-02, Kapilvastu*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***NRs.5000.00*** till ***2083/07/18***

**5.** Sealed bids must be submitted to the office ***Krishnanagar Municipality, Krishnanagar Municipality-02, Kapilvastu*** by hand/courier on or before ***12:00*** on ***2083/07/19.*** Bids received after this deadline will be rejected

**6.** If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**7.** Bidders must submit Bid Security along with the Technical Bid as mandatory document.

**8.** Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Krishnanagar Municipality, Krishnanagar Municipality-02, Kapilvastu, Munkrishnanagar@gmail.com, Telephone No: 076-520147 and facsimile numbers:9857085111.***

**- Chief Administrative Officer**

# दसैंको रौनक: चोकचोकमा दुर्गा मूर्ति, रातभर भजनकीर्तन

बाँके २८ असोज

दसैंको आगमनसँगै नेपालगन्ज दुर्गा मूर्तिले झकिझकाउ भएको छ । सहरका चोकचोकमा स्थापना गरिएका दुर्गा मूर्तिका प्रत्येक दिन बिहानैदेखि रातिसम्म गरिने पूजाआजा र भजनकीर्तनले दसैंको उमङ्ग ल्याएको छ । नेपालगन्जमा मूर्ति नभएको कुनै चोक र गल्ली छैन ।



एउटै टोलमा दुईतीनवटा मूर्ति स्थापना गरिएको छ । दसैंको बेला दुर्गा भगवतीको मूर्ति सजाएर पूजा गर्ने प्रचलन बढेको स्थानीय अगुवा नेपालगन्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष नन्दलाल वैश्यले बताउनुभयो । “मूर्ति पूजासँग जोडिएको आफ्नै धार्मिक मान्यता र परम्पराअनुसार घटस्थापनाका दिन स्थापना गरिएका मूर्तिहरूको सप्तमीका दिन मात्र आँखाको पट्टी खोलिन्छ । धार्मिक विश्वासअनुसार महिषासुर राक्षसको वध दुर्गा भवानीले सप्तमीका दिन नै गर्नुभएको हुनाले सोही दिन मूर्तिको आँखा खोल्ने परम्परा रहँदै आएको छ”, उहाँले भन्नुभयो, “दसैंभरि भव्य पूजाआजा र दर्शनपछि विजयादशमीको भोलिपल्ट अर्थात् एकादशीका दिन यी मूर्तिहरूलाई नजिकैको राप्ती नदीमा लगेर भक्तिपूर्वक विसर्जन गरिन्छ ।” उहाँका अनुसार दुर्गा मूर्तिमा घटस्थापनाको दिनदेखि राति अबेरसम्म जाग्राम बसेर देवी दुर्गा भगवतीको पूजा आराधना गर्ने गरिएको छ। दुर्गा मूर्ति स्थापना भएपछि मात्रै दसैंको उमङ्ग सुरु हुने गर्दछ । घटस्थापनाका दिन दुर्गा भवानीको मूर्ति स्थापना गरेदेखि यहाँका गल्ली, चोक, मन्दिर, चौराह भजनकीर्तनमय भएको नेपालगन्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले बताउनुभयो । उहाँका अनुसार सहरका गल्ली, मन्दिर र चौराह एकाबिहानैदेखि अबेर रातसम्म भजनकीर्तनलेगुञ्जायमानभइरहेकाछन्।साना बालबालिकादेखि लिएर वृद्धवृद्धासम्म पूजाआजा र भजनकीर्तनमा सहभागी हुन उत्साहका साथ चोकचोकमा पुग्ने गरेका छन् । नेपालगन्जका गल्ली, चोक, चौराह र मन्दिरमा करिब चार सयको हाराहारीमा दुर्गा मूर्ति स्थापना गरिएको उहाँको अनुमान छ । दुर्गा मूर्तिको स्थापनासँगै राति अबेरसम्म पनि नेपालगन्जवासी बजारका चोकचोकमा घुमिरहने रामलीला हेर्ने परम्पराजस्तै भएको उहाँको भनाइ छ। नेपालगन्जसँगै नरैनापुर, डुडुवा, खजुरा, कोहलपुरका विभिन्न गाउँमा दुर्गा पूजाको रौनकता छाएको छ । एकाबिहानैदेखि अबेर रातसम्म भजनकीर्तन हुने गरेको छ। नेपालगन्जका मुख्य सडक, चोक र गल्लीमा समेत दुर्गामूर्ति स्थापना गरी पूजापाठ भइरहेको छ । नेपालगन्जका गल्लीगल्लीमा स्थापना गरिएका मूर्तिको सुरक्षाका लागि प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरले बताउनुभयो ।रासस

# वनगाई बजार सीसीटीभीको निगरानीमा

कपिलवस्तु २८ असोज

कपिलवस्तुको बाणगंगा नगरपालिका-७ स्थित वनगाई बजारलाई सुरक्षित, व्यवस्थित र सुन्दर बनाउने उद्देश्यले बजार क्षेत्रमा उच्च गुणस्तरको सीसीटीभी क्यामेरा जडान गरिएको छ। चाडपर्वका बेला बजारमा हुने चोरी तथा अन्य आपराधिक घटनालाई नियन्त्रण गर्ने लक्ष्यसहित सीसीटीभी क्यामेरा जडान गरिएको हो।

वनगाई बजार व्यवस्थापन समितिका अध्यक्ष केशवराज बेल्बासेको नेतृत्वमा बजारको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने प्रयासस्वरूप उक्त कार्य गरिएको हो। बजार क्षेत्रमा सुरक्षा निगरानी बढाउँदा चोरीलगायतका अवाञ्छित गतिविधि नियन्त्रण गर्न र स्थानीय व्यवसायी तथा उपभोक्तालाई सुरक्षित वातावरण उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।



वनगाई बजारलाई व्यवस्थित र सुरक्षित बनाउने अभियान अन्तर्गत २०८२ सालमा दीपावली उत्सवको आयोजना गरी रु. १ लाख ५० हजार सङ्कलन गरिएको थियो। त्यसैगरी, क्षेत्रका सम्पूर्ण व्यवसायी, मेरिट सहकारी, अन्य सहकारी तथा सङ्घ संस्था, ग्लोबल बैंक, एनएमबी बैंक लगायत स्थानीय क्लबहरूको आर्थिक सहयोगमा करिब रु. २ लाख ५० हजार बराबरको लागतमा बजारलाई उज्यालो र सुरक्षित बनाउने कार्य सम्पन्न गरिएको जनाइएको छ।

बजार क्षेत्रमा सीसीटीभी क्यामेरा जडान तथा उज्यालोको व्यवस्था गरिएसँगै व्यापारिक गतिविधिलाई थप सुरक्षित बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। विशेषगरी चाडपर्वका समयमा बजारमा हुने भीडभाडलाई व्यवस्थित गर्न, चोरी तथा अन्य जोखिम न्यूनीकरण गर्न र सम्भावित घटनाको निगरानी तथा अनुसन्धानमा सीसीटीभी उपयोगी हुने अपेक्षा गरिएको स्थानियबासी प्रकाश भुसालको भनाई रहेको छ।

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
रबिलाल भट्टराई/व्यवस्थापक — प्रकास भुसाल/अध्यक्ष
माउण्ट एभरेष्ठ बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-५, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
शालिकराम पौडेल/प्रबन्धक — उदयमान कुवंर/अध्यक्ष
साना किसान कृषि सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-७,चप्परगाउँ कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
गोविन्द केसी/व्यवस्थापक — सरोज खनाल/प्रबन्ध सञ्चालक
मेरिट बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-७, वनगाई, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
भरत मल्ल/व्यवस्थापक — कमला खाँण(सुष्मा)/अध्यक्ष
दर्शन बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-४, सिद्धिपुर, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
मानकुमारी गिरी/प्रबन्धक — दिपक बस्नेत/अध्यक्ष
साना किसान कृषि सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-९ झलवाड, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना
चाडपर्वमा फजुल खर्च नगरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपालीहरुको महान पर्व **वडादशैं**, **शुभदिपावली** तथा **छठपर्व**को पावन अवसरमा हाम्रा सेवाग्राही, शेयर सदस्य, कर्मचारी स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।
रमा खनाल/प्रबन्धक — मालिका पोखेल/अध्यक्ष
साना किसान कृषि सहकारी संस्था लि. परिवार
बाणगंगा नगरपालिका-५ कोपवा, कपिलवस्तु

